आज मिति २०७८ साल माघ महिना १९ गते बुधबारका दिन सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको ११० औ बैठक तपसिलको उपस्थितिमा सम्पन्न गरियो ।

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नबिन कुमार श्रेष्ठ | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री आनन्द श्रेष्ठ | का बा वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कृष्णकान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री मोती प्रसाद गुरूङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २० | श्री सुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री दिवाकर पौडेल | सदस्य सचिब | |

अन्य उपस्थिति :

| | | | |
|---|---|---|---|
| १ | श्री ठाकुर जी तिवारी | प्रमुख, सामाजिक विकास शाखा | |
| २ | श्री विवेक कुमार पण्डित | प्रमुख, प्रशासन शाखा | |
| ३ | श्री सुजन मिश्र | सूचना प्राविधिक अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०७८/१०/१९ गतेको ११० औं बैठकका निर्णयहरु:

निर्णय नं १

कार्यपालिकाको मिति २०७८ पौष १९ गतेको १०९ औं बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । सो बैठकमा २३ ओटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

निर्णय नं २

सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि,२०७८ उपर दफावार छलफल भई सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३

सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्य कार्यविधि पारित भएको मितिले ६ महिना सम्म घर अभिलेखीकरण गरिने निर्णय गरियो । तोकिएको समय पश्चात आवश्यकता अनुसार नगरकार्यपालिकाको कार्यालयले सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रदेश सरकारको सहयोगमा यस आर्थिक वर्षमा शसर्त अनुदान तर्फ बोगटी मुहान कुसुमपानी तार्कुकोट मोटरबाटोबाटो स्तरोन्नतीको लागि रु ५०,००,०००।( अक्षरेपी पचास लाख मात्र) विनियोजन भएको र उक्त सडक स्तरोन्नतीको लागि ठेक्का प्रक्रियाद्धारा छनौट गरी रु २६,४२,१७७।२१ ।(अक्षरेपी छब्बीस लाख बयालिस हजार एक सय सतहत्तर रुपैंया एक्काइस पैसा मात्र) मा सम्झौता भई बोगटीमुहान देखि तार्कुकोट तर्फ १२७० मि. कुवापानी सम्म स्तरोन्ततीको काम सुरु भएको हुँदा सो योजनामा बाँकी रकम रु २३,५७,८२२।७९(अक्षरेपी तेईस लाख सन्ताउन्न हजार आठ सय बाईस रुपैंया उनान असी पैसा मात्र)सोहि सडक खण्डमा कुवापानी देखि तार्कुकोट तर्फको सडक खण्ड स्तरोन्नतीमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण प्रतिवेदन आ.व २०७७।०७८ अनुसार यस नगरपालिकाले जम्मा ४५.५ अंक प्राप्त गरेको हुँदा सो नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं ६

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता माघ २६ देखि २८ सम्म संचालन गर्ने पुर्ववत कार्ययोजना रहेकोमा कोरोना भाईरस संक्रमणको विषम परिस्थितिको कारण हालको लागि स्थगन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

आ.व.०७८।७९ मा समपुरक अनुदान तर्फ मातृभुमी क्याम्पस सुन्दरबजार अस्पताल र मर्स्याङ्दी पर्यटन केन्द्र सडक खण्ड पिच तथा ढल निकास शिर्षकमा प्रदेश सरकारबाट रु ५०,००,०००।(अक्षरेपी पचास लाख मात्र) र नगरपालिकाको तर्फबाट रु २५,००,०००।(अक्षरेपी पच्चिस लाख मात्र) गरि जम्मा रु ७५,००,०००।( अक्षरेपी पचहत्तर लाख मात्र) विनियोजन भएको । उक्त सडक निर्माणको लागि ठेक्का प्रक्रियाद्धारा छनौट गरी रु ४९,२१,४१८.१६ ।(अक्षरेपी उनानपचास लाख एक्काईस हजार चार सय अठार रुपैंया सोह्र पैसा मात्र) मा सम्झौता भई सुन्दरबजार अस्पताल देखि मर्स्याङ्दी पर्यटन केन्द्र तर्फ ५०० मिटर बडहरे सम्मको सडक खण्डमा पिच तथा ढल निकासको काम सुरु गरिएको हुँदा बाँकी रकम रु २५,७८,५८१.८४।(अक्षरेपी पच्चिस लाख अठहत्तर हजार पाँच सय एकासी रुपैंया चौरासी पैंसा मात्र)सोहि सडकखण्ड अन्तर्गत बडहरे देखि मर्स्याङ्दी पर्यटन केन्द्र तर्फको सडकखण्ड पिच तथा ढल निकास निर्माणमा खर्च गर्ने निर्णय गरियो ।